किस्पाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बागमति, नेपाल

काहिले, नुवाकोट

प.त्र संख्या ०७६/०७७

चलानी नं. ६६४

मिति २०७६/१०/२३

विषय : उपभोक्ता समिति गठन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
किस्पाङ गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट ।

यस कार्यालयबाट तँहा वडामा र २ वा सो भन्दा बढि वडामा संचालन हुने तँहा अर्न्तगतका बिभिन्न योजनाहरुको कार्यान्वयन गर्ने प्रयोजनार्थ योजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुको भेला गरी तँहा वडाहरुको कर्मचारी/जनप्रतितिनिधिको रोहबरमा आवश्यक समन्वय गरी निर्माण उपभोक्ता समिति र अनुगमन समिति गठन गर्ने र सम्लग्न मार्गदर्शन बमोजिम गठित उपभोक्ता समितिहरुको बिवरण यस कार्यायमा पठाइ दिन हुन अनुरोध छ ।

२०७६/१०/२४

खुम बहादुर घर्ती
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Phone no. 010681217 Email: kispangrm@gmail.com Website;www.kispangmun,gov.np

# किस्पाङ गाउँपालिकाको उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी मार्गदर्शन

१.उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्थाः उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नुपर्नेछ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिनेछ ।

(झ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

(ञ) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयमा उपभोक्ता समिति गठन,उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवारपदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय गर्नुपर्नेछ ।

२.उपभोक्ता समितिका सदस्यको योग्यताः (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्यनरहेको

(च) उपभोक्ता समितिमा जनप्रतिनिधि,राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

३.अनुगमन समितिको व्यवस्थाः

(१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न उपभोक्ता समिति गठन गर्ने भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने ।

४.कार्यविधिको पालना गर्नुपर्नेः(१)गाउँपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन,मर्मतसम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा **किस्पाङ गाउँपालिका** को उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को पालना गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत